# गरिबी निवारण कोष

(गरिबी निवारण कोष अध्यादेश-२०६० र ऐन २०६३ अनुसार स्थापित)

गरिबी निवारण कोष
नेपाल
२०६०

फोन : ४०३०७००
फ्याक्स : ४०३०७०१
पो.ब.नं. : ९९८५
ई-मेल : info@pafnepal.org.np
वेब : www.pafnepal.org.np
ताहाचल, काठमाडौं
नेपाल ।

प. सं.
च. नं. ६८४-०७३/७४

## प्रेश नोट

### सर्वोच्च अदालतद्धारा गरीवी निवारण कोष विरुद्धको रिट खारेज

काठमान्डौं, १ फागुन २०७३

सर्वोच्च अदालतले गरिवी निवारण कोषले गरेको साझेदार संस्थाहरुकको छनौट कानुन सम्मत नभएको भनी परेको रिट खारेज गरेको छ। माननीय न्यायधिस तेज वहादुर केसी र पुरुषोत्तम भण्डारीको संयुक्त इजलासले उक्त रिट आईतवार खारेज गरेको हो । सिराहा र सप्तरी जिल्लामा यसअघि कोषको कार्यक्रम सहजीकरण गर्दै आएका १२ वटा साझेदार सस्थाहरुले गत कार्तिक ७ गते साझेदार सस्था छनौट सम्वन्धी कोषले गरेको निर्णय वदर गर्न अदालत समक्ष माग गरेका थिए। निवेदकको मागसंगै सर्वोच्च अदालतले साझेदार सस्था छनौट सवन्धी कोषले गरेको निर्णय तत्काल कार्यान्वयन नगर्न कार्तिक २४ गते उत्प्रेषणयुक्त परमादेश जारी गरेको थियो । अदालतको उक्त परामादेश पश्चात कोषले ३२ जिल्लामा साझेदार सस्था छनौट सम्बन्धी गरेको निर्णय प्रभावित भएको थियो र कोषले आफ्ना गरिव लक्षित कार्यक्रम ती जिल्लाहरुका सुचारु गर्न सकेको थिएन। कोषको संचालक समितिले आफ्नो साझेदार संस्थाहरु कटौती गर्ने नीतिगत निर्णय पश्चात ती जिल्लामा यस अधि कार्यरत ३ सय साझेदार संस्थाहरुको कार्यसम्पादन मुल्याङ्कन तथा सार्वजनिक रुपमा प्रस्तावना आव्हान गरेर त्यसको मुल्याङ्कन गरेर सहयोगी संस्थाहरुको सख्या १६५ मा झारिएको थियो।

सम्मानित सर्वोच्च अदालतको यो निर्णयसंगै यी ३२ जिल्लामा कोषका कार्यक्रमले निरन्तरता पाउने छन्। सम्बन्धीत जिल्लामा कार्यक्रम सहजीकरणका लागि कोषले छनौट गरेको साझेदार संस्थाहरुसंग तत्काल सम्झौता गरी कार्यक्रम अगाढी वढाउन कोषलाई वाटो खुलेको छ।

विगत १२ वर्षदेखि सञ्चालित गरिवी निवारण कोषका कार्यक्रमले ५५ कार्यक्रम जिल्लाहरुमा ३० हजार सामुदायिक संस्थाहरु गठन गरेर ८ लाख गरीव घरधुरीलाई समेटेको छ । कोषका कार्यक्रम सञ्चालनमा नेपाल सरकार, विश्व बैंक र कृषि विकासका लागि अन्तराष्ट्रिय नियोग आईफाडलेको सहयोग गर्दै आएका छन् ।

थप जानकारीका लागि
श्रीराम सुवेदी, प्रवक्ता
गरिवी निवारण कोष